नेपाल सरकार

अर्थ मन्त्रालय

## मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल)

# सार्वजनिक सुनुवाइको सूचना

मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) ले नेपालको रणनैतिक सडक सञ्जालको गुणस्तर सुधार गर्ने उद्देश्यले नेपाल सरकार र अमेरिकी सरकारको एमसीसीसँगको सहकार्यमा सडक मर्मत आयोजना कार्यान्वयन गर्न लागेको छ । यस आयोजनाले दाङ जिल्लाको धानखोलादेखि लमहीसम्मको ४० किमि सडक खण्ड Full Depth Reclamation र Superpave जस्ता नयाँ प्रविधिहरू प्रयोग गरी मर्मत गर्नेछ । यस आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को कार्यसूची भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट स्वीकृत भइसकेको छ । वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ (१) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा प्रस्तावको कार्यान्वयनबाट प्रभावित हुने क्षेत्रमा प्रस्तावबारे सार्वजनिक सुनुवाइ आयोजना गरी सुझाव सङ्कलन गर्न निम्नानुसारको मिति, समय र स्थानहरूमा सार्वजनिक सुनुवाइ हुने जानकारी यसै सूचनाद्वारा गराइन्छ । सार्वजनिक सुनुवाइमा उठेका वातावरणसँग सम्बन्धित विषयहरू प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा समावेश गरिने हुँदा उक्त सार्वजनिक सुनुवाइमा सहभागिताका लागि सरोकारवाला व्यक्ति तथा संस्थाहरूलाई हार्दिक अनुरोध छ ।

### सार्वजनिक सुनुवाइ कार्यक्रमको तालिका

| मिति | समय | स्थान |
|---|---|---|
| २०७९ भदौ १० | दिउँसो १:०० बजे | मसुरिया, राप्ती गा.पा. कार्यालय परिसर, दाङ्ग जिल्ला |
| २०७९ भदौ ११ | बिहान ८:०० बजे | कालाकाटे, गढवा गा.पा. वडा नं. १ वन विभाग कार्यालय परिसर, दाङ्ग जिल्ला |
| २०७९ भदौ ११ | दिउँसो २:०० बजे | लाहापे, शीतगङ्गा न.पा. वडा नं ८ कार्यालय परिसर, अर्घाखाँची जिल्ला |
| २०७९ भदौ १२ | बिहान ११:०० बजे | लमही, लमही न.पा. कार्यालय परिसर, दाङ्ग जिल्ला |

**प्रस्तावक**

**मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल)**

याक एण्ड यति कम्प्लेक्स, दरबारमार्ग, काठमाडौं, फोन नं. ०१-४२३८३५३/४२३८३९२

ईमेल : info@mcanp.org